नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६१३ मिति २०७१/०१/७

नेपाल राष्ट्र बैंक, बैकिंग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्र प्राप्त "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरु ।

विषयः- *इ.प्रा.परिपत्र संख्या ५५६ मा थप गरिएको वारे ।*

महाशय,

नेपाल र भारत वीच हुने कारोवारमा आवश्यक पर्ने नगद भा.रु.को आवश्यकतालाई मध्यनजर गर्दै यस सम्बन्धमा जारी भएको इ.प्रा. परिपत्र संख्या ५५६ मिति २०६७।२।७ मा देहाय बमोजिमका व्यवस्थाहरु थप गर्ने निर्णय भएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिपत्रको दफा १ को अन्त्यमा खण्ड (ध) थप गरी निम्न वमोजिमको व्यवस्था गर्ने :

"ध. भारतबाट नेपालमा सामान ढुवानी गर्ने तथा नेपालबाट तेस्रो मुलुक/भारतमा निर्यात गर्ने क्रममा भारतीय ट्रान्सपोर्ट कम्पनीहरुलाई नगदमा नै भा.रु. तिर्नुपर्ने अवस्था आईपरेमा भा.रु. ५०,०००/- (पचास हजार मात्र) सम्म ट्रान्सपोर्ट कम्पनीहरुद्वारा जारी गरिएको ट्रक रिसिट तथा सक्कल प्रज्ञापन पत्रमा सटही दिएको रकम दरपिठ गरी नगदमा सटही सुविधा उपलव्ध गराउन सकिनेछ ।

२. परिपत्रको दफा ५ को खण्ड (क) मा निम्न वमोजिमको व्यवस्था थप गर्ने :

"तर, औषधोपचारको हकमा नेपालका मान्यता प्राप्त (रजिष्टर्ड) डाक्टरहरुबाट सिफारिस भएको कागजातहरुको आधारमा आवश्यकता र औचित्यता हेरी अधिकतम भा.रु. ५०,०००/- (पचास हजार मात्र) सम्म नगदमानै सटही सुविधा प्रदान गर्न सकिने छ ।"

३. परिपत्रको दफा ५ को खण्ड (ङ) को (४) लाई हटाई सो स्थानमा निम्न वमोजिमको व्यवस्था गर्ने :
"एक दिनमा वढीमा भा.रु. १५ हजार र प्रति महिना भा.रु. १ लाख सम्म मात्र नगद झिक्न सकिने छ ।"

भवदीय,

(विष्णु नेपाल)
कार्यकारी निर्देशक

***वोधार्थ-***

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षाण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौं ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व. नं.२१०२६, अनामनगर, काठमाडौं ।